# सूचना तथा सञ्चार क्षेत्रमा भएका उपलब्धि



राजेन्द्र नेपाल
उपसचिव (कानुन)
सूचना तथा सञ्चार मन्त्रालय

नेपाली जनताले गरेको महान् जनआन्दोलनको परिणामस्वरुप वि.सं. २०६३ साल जेष्ठ ४ गते प्रतिनिधिसभाले "प्रतिनिधि सभाको घोषणा २०६३" जारी गरी उक्त घोषणामार्फत मुलुकमा चलिआएको निरंकुश राजतन्त्रको अन्त्य गर्दै अबउप्रान्त मुलुकको राजकीय सत्ता र सार्वभौम सत्ता नेपाली जनतामा मात्र निहित हुने उद्घोष गऱ्यो । उक्त घोषणालाई बेलायतको म्याग्नाकार्टा एवम् विल अफ राइट्स जस्ता अधिकारपत्रसँग तुलना गर्न सकिन्छ, जसको ऐतिहासिक महत्व चिरकालपर्यन्त रहिनै रहनेछ ।

प्रतिनिधिसभा घोषणा २०६३ जारी भएपछि आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न संविधानसभाबाट नयाँ संविधान नबनेसम्मका लागि राजनीतिक सहमतिबाट तयार भएको नेपालको अन्तरिम संविधान, २०६३ जारी गरिएको छ । उक्त संविधानले शासन व्यवस्था सञ्चालनसम्बन्धी राजाका परम्परागत सम्पूर्ण विशेषाधिकारको अन्त्य गर्दै नेपाली जनतालाई सार्वभौमसत्ता र राजकीय सत्ता सम्पन्न बनाएको छ । संविधानले लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै अन्य व्यवस्थाका अतिरिक्त प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिबद्धतालाई व्यक्त गरेको छ ।

निरंकुश शासकहरुले आफ्नो शासन सत्ताको आयु लम्ब्याउन सर्वप्रथम सञ्चारमाध्यममाथि प्रहार गर्ने गरेको विगतको कहालीलाग्दो अवस्थाबाट पाठ सिक्दै अबउप्रान्त पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गर्दै संविधानको धारा १५ मा प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । जसमा जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, दृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्ण प्रतिबन्ध नलगाइने, सञ्चारमाध्यमलाई बन्द, जफत वा दर्ता खारेज नगरिने तथा कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण एमव् टेलिफोनलगायतका सञ्चारसाधनलाई अवरुद्ध गर्न नसकिने जस्ता आधारभूत कुराहरुको प्रत्याभूति गरिएको छ ।

मुलुकमा आएको आमूल परिवर्तनसँगै जनताको इच्छा, आकांक्षा, आशा एवम् भरोशामा बढोत्तरी हुँदै आएको परिवेशमा राज्य संयन्त्रमा आमूल परिवर्तन गरी जनतालाई बढीभन्दा बढी सहज, सरल र पारदर्शी ढंगबाट सार्वजनिक सेवा प्रवाह गर्न राज्यका सम्बन्धित जिम्मेवार निकायहरुले परम्परागत रुपमा चलिआएका कानुनी एवम् नीतिगत व्यवस्थाहरुमा समसामयिक परिवर्तन गर्नुपर्ने टड्कारो आवश्यकता भएको परिवेशमा मुलुकको सूचना तथा सञ्चार क्षेत्रको जिम्मेवारी सम्हाल्न कानुनतः अधिकार, कर्तव्य र उत्तरदायित्व तोकिएको सूचना तथा सञ्चार मन्त्रालयको अगुवाइमा लोकतन्त्रको आगमनपश्चात् उक्त क्षेत्रमा केही उल्लेख्य सुधारहरु गरिएको छ । जसलाई निम्न तीन भागमा विभाजन गरी हेर्न सकिन्छ :-

(१) कानुनी सुधार
(२) नीतिगत वा अन्य सुधार
(३) विविध सुधार

**(क) कानुनी सुधार** :- कानुनी सुधारअन्तर्गत निम्न सुधारहरु भएका छन् :

१. **सूचनाको हकसम्बन्धी ऐन २०६३** :- नेपाल अधिराज्यको संविधान, २०४७ ले सूचनाको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको भए तापनि संविधानको भावनाबमोजिम मौलिक हकलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्न कानुन नबन्दा सूचनाको हक निष्प्रभावी भएको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ बहाल रहेको करिब १५ वर्षको अवधिसम्म पनि बन्न नसकेको यो बहुप्रतीक्षित कानुन लोकतन्त्रको प्रादुर्भावपछि राज्यका काम-कारबाहीलाई लोकतान्त्रिक पद्धतिअनुरुप खुल्ला एवम् पारदर्शी बनाई सार्वजनिक महत्वको जुनसुकै विषयको सूचनामा नागरिकको पहुँचलाई सरल र सहज बनाउने उद्देश्यले जारी गरी लागू

गरिएको छ । सूचनाको हकलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन ऐनमा स्वतन्त्र सूचना आयोगको व्यवस्था गरिएको छ । यो कानुनले लोकतान्त्रिक पद्धतिलाई सुदृढ गर्ने विश्वास लिइएको छ ।

२. **<u>श्रमजीवी पत्रकारसम्बन्धी (प्रथम संशोधन) ऐन, २०६३</u>** :- श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ मा समसामयिक सुधार गर्न यो ऐन आएको हो । प्रस्तुत संशोधित ऐनले सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारको नियुक्ति, सेवाका सर्त र सुविधाका सम्बन्धमा न्यूनतम सर्तहरु निर्धारण गरको छ । यो ऐन लागू भएपछि अब कुनै पनि सञ्चार प्रतिष्ठानले नियुक्तिपत्र नदिई कसैलाई पनि काममा लगाउन नसक्ने र करारमा काम गर्ने कर्मचारीलाई पनि समान तहको स्थायी कर्मचारीले पाएसरहको सुविधाभन्दा कम सुविधा दिने गरी काममा लगाउन नपाइने र त्यस्ता कर्मचारीको हकमा समेत सञ्चयकोष कट्टी गरिने व्यवस्था गरिएको छ । सरकारी नियन्त्रणमा रहेको रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र संस्थान र राष्ट्रिय समाचार समितिजस्ता सार्वजनिक संस्थामा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारहरुको हकमा समेत यो ऐन लागू हुनु महत्वपूर्ण विशेषताको रुपमा लिन सकिन्छ । यो ऐनको नयाँ व्यवस्थाबाट श्रमको सम्मान गर्ने संस्कृतिको विकास हुने अपेक्षासमेत गरिएको छ ।

३. लोकतन्त्र बहालीमा प्रसारण संस्थाहरुले पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै नेपाल सरकारको नीतिअनुरुप सामुदायिक प्रकृतिका एफ.एम. हरुलाई सहजरुपमा सञ्चालन हुन सक्ने वातावरण सिर्जना गर्न राष्ट्रिय प्रसारण नियमावली २०५२ मा २०, ५० र १ सय वाट क्षमतासम्मका एफ.एम. प्रसारण संस्थाहरुले इजाजतपत्र लिंदा क्रमश रु. १० हजार, २५ हजार र ५० हजार रुपियाँ दस्तुर लाग्ने व्यवस्था भएकोमा सो व्यवस्था संशोधन गरी क्रमशः रु. ५ सय, १ हजार र १० हजार रुपियाँ मात्र इजाजतपत्र दस्तुर लाग्ने गरी व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाबाट गाउँ-गाउँमा सामुदायिक प्रकृतिका एफ.एम.हरु सहजरुपमा खोल्न सक्ने वातावरण सिर्जना हुने र अन्ततोगत्वा लोकतान्त्रिक पद्धतिको सुदृढीकरण गर्न सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

४. शाही सरकारको पालामा राष्ट्रिय प्रसारण नियमावली, २०५२ मा संशोधन गरी केबुल टेलिभिजनको हकमा Conditional Access System (CAS) लागू गर्ने व्यवस्था गरिएकोमा लोकतन्त्रको बहालीपछि सरोकारवालाहरुबाट व्यापक विरोध भएकाले सो प्रावधान लोकतान्त्रिक सरकारले खारेज गरेको छ ।

५. विश्वका धेरै देशहरुमा आई.एस.एम. ब्यान्डमा २.४ गिगाहर्ज र ५.८ गिगाहर्ज फ्रिक्वेन्सीमा सञ्चालन हुने रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि लाइसेन्स लिन नपर्ने व्यवस्था भएको र लोकतन्त्रको आवागमनपश्चात् नेपाल सरकारद्वारा गठित उच्चस्तरीय मिडिया सुझाव आयोग तथा तत्कालीन प्रतिनिधिसभाको विकास समितिले समेत लाइसेन्सको प्रावधान हटाउन निर्देशन दिएकोसमेत आधारमा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को नियम १८ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी सूचना तथा सञ्चार मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आई.एस.एम. ब्यान्डमा २.४ गिगाहर्ज र ५.८ गिगाहर्ज फ्रिक्वेन्सीमा सञ्चालन हुने बढीमा ४ Watt (Maximum Effective Isotropic Radiated Power) Out Put क्षमताका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि लाइसेन्स लिनु नपर्ने गरी तोकेको छ ।

६. राष्ट्रिय प्रसारण ऐन-नियमबमोजिम तोकिएको समयावधिभित्र नवीकरण नगराई स्वतः रद्द भएका प्रसारण संस्थाहरुको इजाजतपत्र, रेडियो ऐन-नियमबमोजिम तोकिएको समयभित्र रेडियो यन्त्रको नवीकरण नगरी स्वतः रद्द भएको रेडियो यन्त्रको लाइसेन्स तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ बमोजिम तोकिएको अवधिभित्र नवीकरण नगराई स्वतः रद्द भएका चलचित्र प्रदर्शन इजाजतपत्रहरुको हकमा एक पटकको लागि त्यसरी स्वतः रद्द भएका इजाजतपत्र तथा लाइसेन्सलाई निरन्तरता दिई नियमित गर्न तत्-तत् नियमावलीमा संशोधन गरिएको र तदनुरुप एक पटकको लागि नियमित भई हाल त्यस्ता संस्थाहरु सञ्चालनमा रहेका छन् ।

७. दूरसञ्चार नियमावली २०५४ मा इन्टरनेट सेवाको लागि अनुमतिपत्र दस्तुर रु. ३,००,०००।- (तीन लाख) र VSAT प्रयोगकर्ताको लागि अनुमतिपत्र दस्तुर रु. २,५०,०००।- (दुई लाख पचास हजार) तथा त्यस्ता अनुमतिपत्र नवीकरण गराउनुपर्दा इन्टरनेट सेवाको लागि रु. २,७०,०००।- (दुई लाख सत्तरी हजार) र VSAT प्रयोगकर्ताको लागि रु. २,२५,०००।- (दुई लाख पच्चीस हजार) दस्तुर तोकिएकोमा ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवालाई सरल र सहज बनाउन ग्रामीण क्षेत्रमा त्यस्तो सेवा सञ्चालन गर्न चाहनेको हकमा अनुमतिपत्र दस्तुर जम्मा रु. १००।- (एक सय) र नवीकरण दस्तुर जम्मा ९०।- (नब्बे) तिरे पुग्ने गरी सो नियमावलीमा संशोधन गरिएको छ । यसरी दस्तुर घटाएपछि जो-कोहीले पनि ग्रामीण क्षेत्रमा त्यस्ता सेवाहरु सञ्चालन गर्न उत्साही हुने र यसबाट ग्रामीण जनता दूरसञ्चार सेवाको उपभोगबाट

लाभान्वित हुने अपेक्षा गरिएको छ । साथै सोही नियमावलीमा नियमले तोकेको अवधि गुज्रेपछि दूरसञ्चार सेवाप्रदायकहरुले नवीकरण दस्तुर बुझाउँदा तिर्नुपर्ने शतप्रतिशतसम्मको थप दस्तुरलाई घटाई १५ प्रतिशतसम्म मात्र थप दस्तुर तिरे पुग्ने गरी संशोधन गरिएको छ ।

८. हुलाक नियमावली, २०२० ले Post Box धरौटी शुल्क रु. एक हजार तोकेकोमा संशोधन गरी त्यसलाई ठूलो, मझौला र साना Post Box मा वर्गीकरण गरी छुट्टाछुट्टै दस्तुर तोकिएको र नवीकरण गर्ने प्रक्रियालाई सरल र स्पष्ट पारिएको छ ।

९. प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली, २०४९ मा संशोधन गरी सो नियमावलीको प्रयोजनको लागि श्रावणदेखि आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष मान्ने व्यवस्था गरिएको छ ।

१०. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २० मा राष्ट्रिय प्रसारण ऐन र नियमावलीको उद्देश्य पूरा गर्न मन्त्रालयले गर्ने कामको सम्बन्धमा सरसल्लाह र सुझाव दिन तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को नियम २२ मा रेडियो ऐन-नियमबमोजिम मन्त्रालयले गर्ने कामका सम्बन्धमा सरसल्लाह र सुझाव दिन नेपाल सरकारले समिति गठन गर्न सक्ने व्यवस्था भएबमोजिम दुवै कानुनको अधिकार क्षेत्र प्रयोग गरी नेपाल सरकारलाई समय-समयमा आवश्यक सुझाव पेस गर्न मन्त्रालयको सञ्चार महाशाखा हेर्ने सहसचिवको अध्यक्षतामा सल्लाहकार समिति गठन गरिएको छ । सो समितिले रेडियो ऐन-नियम तथा राष्ट्रिय प्रसारण ऐन-नियमलाई प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याउनको लागि मन्त्रालयले गर्नुपर्ने कामका सम्बन्धमा सुझावहरु दिने काम गर्दै आएको छ ।

११. श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ११ मा व्यवस्था भएबमोजिम श्रमजीवी पत्रकारले पाउने न्यूनतम पारिश्रमिक रकम निर्धारण गर्न तथा त्यस्तो पारिश्रमिक रकम आवश्यकताअनुसार पुनरवलोकन गर्ने सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्न वरिष्ठ पत्रकार श्री सुरेश आचार्यको अध्यक्षतामा न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन गरिएको छ । श्रमजीवी पत्रकारसम्बन्धी ऐन वि.सं. २०५१ सालमा आए तापनि नेपाल सरकारले त्यस्तो समिति गठन गरी श्रमजीवी पत्रकारहरुको न्यूनतम पारिश्रमिक तोक्न सकेको अवस्था थिएन ।

१२. नेपाल सरकारले देशको सञ्चार नीति अनुकूल दूरसञ्चार सेवालाई विविधीकरण, विस्तार तथा नियमित गरी दूरसञ्चार सेवामा नागरिकको पहुँचलाई सरल एवम् सहज बनाउन दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२) बमोजिम सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा आधारभूत दूरसञ्चार सेवा सञ्चालन गर्न र नेपालका ग्रामीण क्षेत्रमा सबैभन्दा कम अनुदान लिई ग्रामीण दूरसञ्चार सेवा सञ्चालन गर्न चाहने इच्छुक व्यक्तिहरुबाट निवेदन लिन नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको छ । नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम उपरोक्त दूरसञ्चार सेवा सञ्चालन गर्न चाहने व्यक्तिहरुमध्येबाट योग्य व्यक्तिको छनोट गर्ने काम नेपाल दूरसञ्चार प्राधिकरणबाट भइरहेको र सो कार्य अन्तिम चरणमा पुगेको छ । उक्त दूरसञ्चार सेवा सञ्चालनमा आएपछि दूरसञ्चार सेवामा नागरिकको सहज पहुँच सुनिश्चित हुने अपेक्षा राखिएको छ ।

१३. नेपाल दूरसञ्चार कं. लि.ले. प्राप्त गरेको G.S.M. मोबाइल सेवाको अनुमतिपत्रलाई प्रविधि तटस्थ (Technical Neutrally) गर्ने, गराउने व्यवस्था गर्न नेपाल सरकारले नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएबमोजिम प्राधिकरणबाट अनुमतिपत्रमा संशोधन गरी कार्यान्वयनसमेत भइसकेको छ ।

**(ख) नीतिगत एवम् अन्य सुधार** :- कानुन संशोधनको माध्यमबाट भएका प्रमुख सुधारका अतिरिक्त सूचना तथा सञ्चार मन्त्रालयले विभिन्न विषयमा नीतिगत एवम् अन्य निर्णय गरी आफ्ना कामकारबाहीलाई पारदर्शी, निष्पक्ष एवम् प्रभावकारी बनाउन प्रयास गरेको छ । यस क्रममा विविध क्षेत्रको सुधारको लागि विभिन्न कार्यदल गठन गरी राय-सुझाव एवम् सिफारिस लिने र तदनुरुप प्राप्त सुझावहरुलाई कार्यान्वयनमा ल्याउँदै रहेको अवस्थासमेत छ । जसलाई छोटकरीमा निम्नबमोजिम प्रस्तुत गरिएको छ :-

१. राज्यले पत्रकारिता क्षेत्रको लागि अनुदान वितरण गर्दा कुनै ठोस आधार नबनाई वितरण गर्दै आइरहेको परिवेशमा त्यस्तो अनुदान वितरण प्रक्रियालाई पारदर्शिता कायम गर्न आवश्यक सम्झी पत्रकारिता अनुदान सहयोगसम्बन्धी निर्देशिका २०६३ जारी गरिएको छ ।

२. नेपाल सरकारको हरेक मन्त्रालयमा रहने प्रवक्ताहरुको काम, कर्तव्य र अधिकार तोकिन अनिवार्य भएको आवश्यकतालाई महसुस गरी प्रवक्ताहरुको काम, कर्तव्य र अधिकारसम्बन्धी निर्देशिका, २०६३ जारी गरिएको छ ।

३. फ्रिक्वेन्सी बाँडफाँड गर्न सहयोग पुऱ्याउने उद्देश्यले Frequency Management Plan स्वीकृत गरिएको छ ।

४ Frequency मा अवरोध आउन नदिई सुचारु गर्न काठमाडौं उपत्यकामा एफ.एम. हरुको प्रसारण क्षमता ५०० वाटभन्दा बढी हुने गरी स्वीकृति नदिने नीतिगत निर्णय भएको छ ।

५. केवल टेलिभिजन प्रसारण संस्थाहरुको लाइसेन्स नवीकरण

र रोयल्टी लिने कार्य मन्त्रालय स्वयम्ले गर्दै आइरहेकोमा सरोकारवालाहरुको सुविधालाई ध्यानमा राखी छिटो-छरितो र सर्वसुलभ रुपमा सो कार्य गर्नको लागि काठमाडौं उपत्यकाबाहिर ७२ वटा जिल्ला हुलाक कार्यालयहरुलाई सो काम गर्नको लागि अधिकार प्रत्यायोजन गरिएको छ ।

६. लोकतन्त्र स्थापनामा सञ्चारजगत्ले गरेको योगदानको उच्च मूल्यांकनसमेत गर्दै टेलिभिजन तथा एफ.एम. समेतका प्रसारण संस्थाहरुले तिर्नुपर्ने आ.व. ०६३/०६४ को नवीकरण शुल्क र रोयल्टी मिनाहा गरिएको छ ।

७. शाही शासनकालमा गैरकानुनी तवरले गैरपत्रकारलाई बाँडिएको प्रेस पास खारेज गरिएको छ ।

८. सरकारले विभिन्न क्षेत्रको सुधारको लागि विभिन्न कार्यदलहरु गठन गर्ने क्रममा मा. राधेश्याम अधिकारीको अध्यक्षतामा उच्चस्तरीय मिडिया सुझाव आयोग, वरिष्ठ अधिवक्ता श्री बद्रीबहादुर कार्कीको अध्यक्षतामा सरकारी सञ्चारमाध्यमहरुको पुनर्संरचना र स्थापनासम्बन्धमा अध्ययन गर्ने कार्यदल, वरिष्ठ कानुनविद् श्री काशीराज दाहालको अध्यक्षतामा सूचनाको हकसम्बन्धी ऐन तथा सूचनाको हकसम्बन्धी नियमावली, गोपनीयताको हक र श्रमजीवी पत्रकारसम्बन्धी कानुन मस्यौदा कार्यदल, सञ्चारविज्ञ श्री तपानाथ शुक्लको संयोजकत्वमा केवल टेलिभिजन प्रसारणको क्षेत्रमा देखिएका समस्याहरु एवम् गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव पेस गर्ने कार्यदल, श्री यादव खरेलको संयोजकत्वमा चलचित्रसम्बन्धी कानुन मस्यौदा सुझाव कार्यदल, सञ्चारविज्ञ श्री तपानाथ शुक्लको संयोजकत्वमा विद्युतीय सञ्चारमाध्यमलाई व्यवस्थित तथा नियमन र राष्ट्रिय प्रसारण प्राधिकरणसम्बन्धी विधेयक तर्जुमा कार्यदल, समानुपातिक विज्ञापनसम्बन्धमा सुझाव पेस गर्न सूचना विभागका महानिर्देशकको संयोजकत्वमा समानुपातिक विज्ञापनसम्बन्धी कार्यदल, नेपाल पत्रकार महासंघका उपसभापति श्री शिव गाउँलेको अध्यक्षतामा श्रमजीवी पत्रकारसम्बन्धी नियमावली संशोधन मस्यौदा कार्यदल, नेपाल केबुल टेलिभिजनसम्बन्धी संघसंस्था र सूचना तथा सञ्चार मन्त्रालयबीच भएको सम्झौता कार्यान्वयन गर्न मन्त्रालयका सहसचिव श्री नारायणप्रसाद रेग्मीको अध्यक्षतामा कार्यदल गठन भएको छ । उपरोक्तानुसार प्रायः सबै कार्यदलहरुको प्रतिवेदन प्राप्त भई क्रमशः कार्यान्वयनसमेत भइरहेको अवस्था विद्यमान छ ।

**(ग) विविध सुधार** :- माथि उल्लिखित विषयको अलावा सूचना तथा सञ्चार क्षेत्रमा भएका अन्य उपलब्धि एवम् प्रयासहरुलाई देहायबमोजिम हेर्न सकिन्छ :-

१. देशको दूरसञ्चार नीतिअनुरुप दूरसञ्चार ऐन २०५३ मा समसामयिक संशोधन गर्न तथा रेडियो ऐनमा संशोधन गर्न संशोधन विधेयक मस्यौदा तयार गरी अन्तरिम व्यवस्थापिका संसद्मा पेस गर्ने सैद्धान्तिक सहमतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाइएको छ ।

२. वि.सं. २०६४ साल जेष्ठ २२ गते माननीय सूचना तथा सञ्चारमन्त्री श्री कृष्णबहादुर महराज्यूद्वारा सूचना तथा सञ्चार मन्त्रालयको भावी नीति तथा कार्यक्रमसम्बन्धी अवधारणापत्र सार्वजनिक भएको छ । सो अवधारणापत्रमा सूचना र सञ्चारलाई नयाँ नेपाल निर्माणको आधार मान्दै मन्त्रालयको तात्कालिक उद्देश्य र कार्यक्रम तय गरिएको छ । उक्त अवधारणापत्रको मार्गचित्रको आधारमा त्यसलाई कार्यान्वयनमा लैजान मन्त्रालयले आफ्नो क्रियाकलापहरुलाई अगाडि बढाइरहेको छ ।

३. विश्व बैंकको ऋण सहयोगमा मन्त्रालयअन्तर्गत दूरसञ्चार क्षेत्र सुदृढीकरण आयोजना सञ्चालनमा रहेको छ । सो आयोजना सम्पन्न भएपछि भरपर्दो एवम् गुणस्तरयुक्त दूरसञ्चार सेवाको विस्तार र विकास हुने अपेक्षा गरिएको छ ।

४. आर्थिक वर्ष ०६४/०६५ को बजेट वक्तव्यमा "घरघरमा इन्टरनेट र हातहातमा मोबाइल" भन्ने मूल नारा लिई त्यसलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन आवश्यक नीति एवम् कार्यक्रम ल्याइने प्रतिबद्धता व्यक्त गरिएको छ ।

अतः लोकतन्त्रको आवागमनपश्चात् मुलुकको हरक्षेत्रले स्वतन्त्रताको सास फेर्न पाएको अनुभूति गरेको परिवेशमा यसलाई दिगो रुपमा निरन्तरता दिन आवश्यक छ । यसको लागि राज्यका परम्परागत संरचनाहरुमा पूर्ण परिवर्तत अवश्यम्भावी छ । कानुनी, नीतिगत एवम् संस्थागतरुपमा आमूल परिवर्तनका माध्यमबाट लोकतान्त्रिक व्यवस्थालाई सुदृढ नगरेसम्म मुलुकमा स्थायित्व आउन सक्दैन । यसको लागि राज्यको हरेक अंगले उत्तिकै सजग, सुझबुझ र चिन्तनशील भई सदैव अग्रगामी सोच राख्न जरुरी छ । यसै परिवेशमा सूचना तथा सञ्चार क्षेत्रमा सूचना तथा सञ्चार मन्त्रालयले थोरै अवधिभित्र गरेका उल्लेख्य उपलिब्धिहरुबाट जनताको सेवा-सुविधामा छिटो-छरितो, सर्वसुलभ, पारदर्शिता एवम् प्रभावकारिता आएको विश्वास गर्न सकिन्छ । कुनै पनि क्षेत्रको सुधार एकै पटक गरेर सम्भव हुन सक्दैन । त्यसलाई जनताको चाहना र मागबमोजिम निरन्तरता दिन सकियो र त्यसै अनुरुप राज्यका क्रियाकलाप निर्देशित हुने हो भने समयको मागसँगै सुधार पनि हुँदै जान्छ । तसर्थ लोकतन्त्रको छोटो अवधिपछि सूचना तथा सञ्चार मन्त्रालयले गरेको उपलब्धिको प्रयास सराहनीय छ र भविष्यमा समेत यसरी नै समय-समयमा कानुन एवम् नीतिहरु क्रमिकरुपमा सुधार हुँदै जाने कुरामा समेत विश्वास गर्न सकिन्छ । ●